# धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको
## सेवा करारमा लिने सम्बन्धी सूचना

यस धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयका लागि देहाय बमोजिमका पदहरु सेवा करार मार्फत आ.व.०७६।०७७ का लागि पूर्ति गर्नुपर्ने भएकोले इच्छुक उम्मेदवारहरुले तोकिएको ढाँचामा (लोक सेवा आयोगले तयार गरेको लोकसेवाको फारम) रीतपूर्वक दरखास्त फारम भरी नागरिकता प्रमाण पत्रको प्रतिलिपि शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपि, अनुभवको प्रमाणको प्रतिलिपी, काउन्सील दर्ता प्रमाणपत्र एवं परीक्षा दस्तुर वापत बुझाएको नगदी रसिद संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको प्रशासन शाखामा दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

सू.नं. ०१/०७६/०७७

| क्र सं | वि.नं. | पद | तह | परीक्षा दस्तुर | माग संख्या | शैक्षिक योग्यता | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/०७६/०७७ | इन्जिनियर (सिभिल) | ६ | १०००। | ३ | मान्यता प्राप्त शिक्षण संस्थावाट सिभिल इन्जिनियरिङ्ग विषयमा वि.ई वा सो सरह उत्तिर्ण । | लिखित तथा अर्न्तवार्ता |
| २ | ०२/०७६/०७७ | इन्जिनियर (स्ट्रक्चर) | ६ | १०००। | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा वि.ई. वा सो सरह उत्तिर्ण । | लिखित तथा अर्न्तवार्ता |
| ३ | ०३/०७६/०७७ | कानून परामर्श सेवा | ६ | १०००। | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातक तह उत्तिर्ण गरि नेपाल बार बाट प्रमाणपत्र प्राप्त । | लिखित तथा अर्न्तवार्ता |
| ४ | ०४/०७६/०७७ | सब इन्जिनियर | ५ | ५००। | ९ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा डिप्लोमा/प्रमाणपत्र तह उत्तिर्ण । | लिखित तथा अर्न्तवार्ता |
| ५ | ०५/०७६/०७७ | सहायक कम्प्युटर अपरेटर | ४ | ४००। | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा सो सरह र रजिष्टर्ड संस्थाबाट कम्तिमा ६ महिना कम्प्युटर तालिम पत्र वा सो सरह | लिखित तथा अर्न्तवार्ता |
| ६ | ०६/०७६/०७७ | मेकानिकल सब इन्जिनीयर | ५ | ५००। | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इन्जिनियरिङ्ग विषयमा डिप्लोमा/प्रमाणपत्र तह उत्तिर्ण | लिखित तथा अर्न्तवार्ता |
| ७ | ०७/०७६/०७७ | अ. सब इन्जिनियर | ४ | ४००। | ३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा सो सरह उत्तिर्ण गरी सम्वन्धीत विषयमा तालिम प्राप्त वा प्रावधिक शिक्षालयबाट सम्बन्धीत विषयमा टि.एस.एल.सी उत्तिर्ण | लिखित तथा अर्न्तवाता |

- दरखास्त दिने अन्तिम मिति :- २०७६/०५/०९ गते कार्यालय समय भित्र ।
- प्रचलित कानूनमा व्यवस्था भए बोमजिम सेवा करारको सेवा, शर्त बमोजिम हुनेछ ।
- उमेर :- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने छ ।
- सम्पर्क मिति:- दरखास्त दिने अन्तिम दिनको भोलिपल्ट ।
- परीक्षा कार्यक्रम:- दरखास्त फाराम स्वीकृत भएका उम्मेदवारहरु मध्ये ईन्जिनियर, सब इन्जिनियर तथा असिष्टेट सब इन्जिनियरको हकमा लिखित परीक्षा र अन्तवार्ता हुनेछ । लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारलाई मात्र अन्तर्वार्तामा सहभागी गराइनेछ । कानून परामर्श सेवाको हकमा तोकिए बमोजिम लिखित र अन्तर्वार्ता को माध्यामबाट छनौट हुनेछ ।
- म्याद नाघि आएको र रीत नपुगेको दरखास्त उपर कुनै कारबाही हुने छैन ।
- अन्य थप जानकारी चाहिएमा धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको कर्मचारी प्रशासन शाखाको नं.०९१-५२०४२९,०९१-५२०७३३ मा सम्पर्क राख्न सकिनेछ ।
- स्थानीय उम्मेदवार र कार्य अनुभवलाई थप ग्राहियता दिइनेछ ।
- कर्मचारीलाई तलब भत्ता सुविधा उपलब्ध गराउदा नगर-कार्यपालिका को स्वीकृती र निर्णय बमोजिम हुनेछ ।
- कार्यालयलाई अति आवश्यक परेको सेवा प्रचलित स्थानिय सरकार संचालन ऐन २०७४ (प्रथम शंसोधन समेत) ले दिएको अधिकार बमोजिम छनौट गरी सेवा करारको माध्यमबाट प्रचलित कानूनको अधिनमा रही उपलब्ध गराइनेछ ।
- सेवा करारमा लिएका जनशक्ति नगरपालिकालाई अति आवश्यक नपरेको खण्डमा पन्ध्र दिन अगाडी सूचना दिएर हटाउन सकिने छ
- सेवा करारमा लिएका जनशक्ति को खर्चको भुक्तानी नगरपालिको बैठकबाट स्वीकृत लिई न.पा. को आन्तरीक आयबाट खर्च भुक्तानी गरिने छ। बैठकबाट स्वीकृत लिई न.पा. को आन्तरीक आयबाट खर्च भुक्तानी गरिने छ ।
- सेवा करारमा लिएको सेवाको म्याद थप आवश्यकता अनुसार शाखा प्रमुखको रायले प्रत्येक ६ महिनामा थप गरी नगर कार्यपालिका बैठकबाट स्वीकृत लिई आवश्यकता अनुसार कायम गरिने छ ।
- यस विज्ञापन सेवा करार भएकोले कर्मचारी भर्ना अनुसारको प्रणालीमा आरक्षण गरिएको छैन । तर महिला, दलित, जनजाती, आदिवासी, मधेशी, पिछडा वर्गलाई विशेष ग्राहियता दिइने छ ।

२०७६।०५।२५

नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner